# भक्तपुर नगरपालिकाको बजेट १ अर्ब ७३ करोड

भक्तपुर ।

भक्तपुर नगरपालिकाले आर्थिक वर्ष २०७५/०७६ का लागि कूल १ अर्ब ७३ करोड ४० लाखको अनुमानित बजेट पेश गरेको छ । आइतबार बसेको तेस्रो नगरसभामा उप प्रमुख रजनी जोशीले अनुमानित बजेट पेश गर्दै चालू आ.व. का लागि कूल आम्दानी १ अर्ब ५ करोड ५५ लाख रुपैया अनुमान गरिएकोमा २०७५ जेठ महिनासम्म ११ महिनाको कूल यथार्थ आम्दानी १ अर्ब १३ करोड ५९ लाख ९१ हजार ७०९ रुपैयाँ ९७ पैसा भएको जानकारी गराउनुभयो ।

त्यस्तै उहाँले चालू आवको जेठ महिनासम्म चालू तथा पूँजीगततर्फको यथार्थ व्यय ८७ करोड ३६ लाख ६० हजार ९०८ रुपैयाँ १४ पैसा रहेको बताउनुभयो ।

चालू खर्च अन्तर्गत महत्वपूर्ण ६० वटा कार्यक्रमहरु रहेको उल्लेख गर्दै उप प्रमुख जोशीले सशर्त चालू अनुदान २९ करोड १० लाख रुपैया देहाय बमोजिम विनियोजन गरिएको जानकारी दिनुभयो ।

- शिक्षाको लागि रु. २४ करोड ७लाख ४४ हजार ३ सय
- स्वास्थ्य सेवाको लागि रु. १९ करोड ३५ लाख ८० हजार
- आयुर्वेदिक स्वास्थ्य सेवाको लागि रु. ३३ लाख ६ हजार ७ सय
- पशु सेवाको लागि रु. ५ लाख७० हजार
- कृषिको लागि रु. १७लाख ९५ हजार
- वातावरणीय सरसफाईमा रु. ६ लाख २५ हजार
- राष्ट्रिय कला संग्रहालयको लागि रु. १ करोड ३७लाख ३१ हजार
- स्मारक संरक्षण तथा दरवार हेरचाहको लागि रु. ७९ लाख १ हजार
- समाज कल्याण तथामहिलाविकासको लागि रु. १६ लाख ६९ हजार

यस आ.व. को समानीकरण अनुदानको लागि रु. २० करोड ५१ लाख विनियोजन गरिएको उहाँको कथन थियो ।

आ.व. २०७५।०७६ मा नगरपालिका अन्तर्गत गठन गरिएका देहायका समितिहरुको लागि निम्नानुसार कार्यक्रम बजेट विनियोजन गरिएको उप प्रमुख जोशीले बताउनुभयो ।

- युवातथा खेलकुद समितिको लागि रु. १ करोड ८० लाख
- महिलातथाबालबालिका/समाज कल्याण समितिकालागि रु. ३० लाख
- वातावरणतथापर्यटन समितिको लागि रु. १ करोड
- कृषि समितिको लागि रु. ८५ लाख
- आर्थिक समितिको लागि रु. ७८ लाख
- निर्माण समितिको लागि रु. १२ लाख
- खानेपानीव्यवस्थापन समितिको लागि रु. ३५ लाख
- विधेयक समितिको लागि रु. २ लाख
- न्यायिक समितिको लागि रु. १० लाख
- शिक्षा/स्वास्थ्यतथा संस्कृति समितिको लागि रु. २ करोड ११ लाख

उप प्रमुख जोशीले आगामी आवका लागि चालू खर्चतर्फ रु. ८७ करोड ९३ लाख ८८ हजार र पूँजीगततर्फ ८५ करोड ४६ लाख १२ हजार विनियोजन गरिएको उल्लेख गर्नुभयो । पूँजीगत खर्च अन्तर्गत निम्न प्रमुख योजनाहरुलाई प्राथमिकतामा राख्नुभयो ।

**पूँजीगततर्फ**

१. ख्वप अस्पतालको लागि रु. १४ करोड
२. देको मिवाइतापाके जग्गाएकीकरण आयोजनाको लागि रु. २५ करोड
३. सवारी साधनको लागि रु. ७५ लाख
४. भवनखरिदको लागि रु. १ करोड
५. मेशिनरी तथाऔजारको लागि रु. २ करोड
६. सरसफाई संरचनानिर्माणको लागि रु. १ करोड
७. अरनिको सभाभवनको लागि रु. १ करोड
८. आदर निकेतनको लागि रु. ५० लाख
९. बालउद्यान/बालग्रामको लागि रु. १० लाख
१०. जनज्योति पुस्तकालयको लागि रु. २५ लाख
११. छात्रवृत्तितथा शैक्षिक ऋणको लागि रु. १ करोड ५५ लाख
१२. ख्वपविश्वविद्यालयतयारी समितिकार्य दल गठनको लागि रु. १० लाख
१३. भ.न.पा. क्षेत्रलाई साँस्कृतिकनगर घोषणा गर्न कार्यदल गठन गरिने छ। त्यसको लागि रु. १० लाख
१४. कडा रोग जस्तै : क्यान्सर, मृगौलाप्रत्यारोपण, मुटुको शल्यक्रियातथा मस्तिष्कघात जस्ता रोग लागेकानगरबासीहरुकालागिभक्तपुर नगरपालिकाले आर्थिक सहयोग गर्न रु. १० लाख
१५. खेल मैदानतथा कर्भड हलनिर्माण गर्न रु. १ करोड ५० लाख
१६. पर्यटकहरुको बसाई लम्ब्याउन र सुविधाको लागि दरवार क्षेत्र, टौमढी र दत्तात्रय क्षेत्रमा रात्रीकालीनबत्तीको व्यवस्थागर्न रु. २५लाख
१७. नगरका १० वटै वडाका योजनाहरुको लागि रु. ५ करोड
१८. २०७२ साल बैशाख १२, १३ र २९ गतेको भूकम्पबाट पूर्ण क्षतिभएको दरवार क्षेत्रमाअवस्थित भ.न.पा.को भवनपुन:निर्माणको लागिअध्ययन/डिजाइनका कामहरु गर्न रु. १ करोड
१९. व्यवस्थित तरकारी बजारको लागि रु. १५ लाख
२०. भक्तपुरको सभ्यता र सौन्दर्यको रुपमा रहेको हनुमन्ते खोला र खासाङ्ग खुसुङ्ग खोला सुधारको जरुरी भएको र दुवै खोलाहरुको सुधारको लागि रु. ५५ लाखविनियोजन गरिएको छ।
२१.भनपा १ स्थित बहुउद्देश्यीयभवननिर्माणको इन्जिनियरिङ डिजाइनका लागि रु. १० लाख
२२. भक्तपुर सानाऔद्योगिक क्षेत्र हाल बस्तीको बीचमा परेकाले प्रदुषणकमगर्न यस क्षेत्रलाई पर्यटन केन्द्रित हस्तकला औद्योगिक क्षेत्रको रुपमाविकास गर्न र प्रर्दशनी केन्द्र स्थापनागर्नकालागि रु. ५५ लाखविनियोजन गरिएको छ।
२३. भक्तपुर नगरलाई बटुवा मैत्री नगरमा पुन:रुपान्तरण गर्दै जान सबैभन्दापहिला सवारी साधनहरुलाई व्यवस्थितगर्न नगरकाविभिन्न ठाउँहरुमा पार्किङ्गको साथसाथै ठाउँठाउँमा बस स्टप निर्माण गर्न रु. ५० लाखविनियोजन गरिएको छ।
२४. न.पा. क्षेत्रभित्र रहेकापर्ती जग्गाहरु संरक्षण गर्न अत्यावश्यकभइसकेकोले यसको लागि रु. २० लाख
२५. भक्तपुर नगर क्षेत्र लगायत देशभर सूचनाप्रवाहगर्न ख्वपएफ.एम. र ख्वप टेलिभिजन संचालनगर्नुपर्ने आजको आवश्यकताहो। यसको निमित्त रु. ५० लाखविनियोजन गरिएको छ।
२६. परम्परागत शैलीको भवनहरुको स्वरुपलाई कायम राख्ननगरबासीको सुविधाको लागि परम्परागत शैलीमा घर निर्माण गर्न र स्लोप छाना निर्माणमा समेत सहुलियतउपलब्धगरिएको र यसको निमित्त रु. १ करोडविनियोजन गरिएको छ।
२७. यी सम्पूर्ण पूँजीगतखर्चका योजनाहरु सँगसँगै आ.व. २०७४।०७५ काक्रमागत योजनाहरुकोनिरन्तरताको लागि रु. १६ करोड ७३लाख७९ हजार ६० रुपैयाँ विनियोजन गरिएको छ।

उल्लेखित आयतर्फको आफनै श्रोतको अनुमान गर्ने सन्दर्भमा नगरवासीहरुको राय सुझाव तथा स्थानीय राजश्व परामर्श समितिको सिफारिश समेतलाई आधार मानी साविकका करका शीर्षकहरुमध्ये धेरैजसो यथावत राखी केही आवश्यक करका शीर्षकहरुको दर तथा दायरामा संशोधन तथा थप गर्ने प्रस्ताव पेश गर्नुभयो। करको दर पुनरावलोकन गर्दा नगरवासीहरुलाई भार नपर्ने गरी सहुलियत र छुट दिन सकिने कुराहरुलाई मध्यनजर गरिएको उहाँको कथन थियो।

सभामा नगर प्रमुख सुनिल प्रजापतिले असार ८ गते प्रस्तुत गर्नुभएको नीति तथा कार्यक्रमबारे नगरसभासद्हरुबीच छलफल गरी सर्वसम्मतिले पारित गरियो।

सभाको अर्को बैठक आगामी असार १३ गते बुधबार दिनको १ बजे बस्ने नगरपालिका स्रोतले जानकारी दियो।